म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १६६ शुक्रबार १३ माघ २०७९ ने. सं. ११४३ सिल्लाथ्व 27 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडा बसपार्कबाट दुई महिला पक्राउ

हेटौंडा, १२ माघ/जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा-१० बसपार्कबाट प्रतिबन्धित लागुऔषधसहित दुई महिलालाई पक्राउ गरेको छ ।

चितवन राप्ती नगरपालिका-९ बस्ने ४० वर्षीया टेकमाया गुरुङ र सोही स्थान बस्ने ३१ बर्षीया अस्मिता प्रजालाई पक्राउ गरिएको मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । बिहिबार बिहान सर्लाही जाने बसमा चढ्ने क्रममा शंका लागेर चेकजाँच गर्दा उनीहरुको साथबाट २१ गाँजा लागुऔषध गाँजा बरामद गरिएको डिएसपी कार्कीले जानकारी दिएका छन् । उनीहरुमाथि नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको जनाएको छ ।

सरकारी अनुगमन संयन्त्र सुस्ताउँदाको परिणामः

# हेटौंडाका होटेल, रेस्टुरेन्टले ग्राहकसँग असुल्दै सेवा शुल्क

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/सर्वोच्च अदालतले होटेल, रेस्टुरेन्टहरुले ग्राहकबाट लिँदै आएको सेवा शुल्क लिन नपाउने फैसला गरेको छ ।

तर, हेटौंडाका ठूला होटल तथा रेष्टुरेन्टहरुले ग्राहकहरुसँग सेवा शुल्कका नाममा १० प्रतिशत रकम लिइरहेका छन् । हेटौंडाका ठूला र सुविधासम्पन्न भनिएका मोटल एभोकाडो, सामना, प्रकाश, हेटौंडा रिसोर्ट, स्मारक होटलहरुले ग्राहकहरुसँग सेवा शुल्क लिँदै आएका थिए । जसमध्ये कतिपयले अझै सेवा शुल्क लिइरहेका छन् । एभोकाडोले भने हाल १० प्रतिशत सेवा शुल्क लिन छोडेको छ । तर, विगतमा सेवा शुल्क लिँदाको अवस्थामा दातृ निकायहरुबाट सञ्चालित संस्थाहरुसँग गरेको सम्झौताअनुसार एभोकाडोले शुल्क लिन्छ ।

हेटौंडामा साना भनिएका होटलहरुले भने सेवा शुल्क लिँदैनन् । होटल मात्रै हैन, खर्च गरेर चिटिक्क बनाइएका रेष्टुरेन्टहरुले पनि १० प्रतिशत सेवा शुल्क लिँदै आएका छन् । तर, सम्बन्धित निकायबाट ठूला होटल र रेष्टुरेन्टमा अनुगमन भएको पाइएको छैन् । होटलहरुको गुणस्तर, सरसफाईका विषयमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाले अनुगमन गरे पनि वाणिज्यको क्षेत्रमा अनुगमनको अधिकार पाएको जिल्ला प्रशासन कार्यालयलगायतका निकायले सेवा शुल्कको विषयमा अनुगमन गर्दैनन् । सरकारी संयन्त्रको वेवास्थाका कारण ग्राहकहरु चर्को मुल्यसँगै १० प्रतिशत सेवा शुल्क तिर्नसमेत बाध्य भएका हुन् ।



जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा जिल्लाका बजार क्षेत्रहरुमा अनुगमन हुने गरेका छन् । यसअघि बागमती गाउँपालिकाको फापरबारी बजारमा भएको मेडिकलको कमजोरीमा टेकेर गरेको जरिवाना र हेटौंडाको भाटभटेनीलाई गरेको कारबाहीबाहेक अनुगमनको प्रभाव देखिँदैन् । लामो समयपछि मकवानपुरमा ठूलो मुल्यमा मेडिकल र भाटभटेनीलाई जरिवाना तिराइएको थियो । तर, दैनिक सेवा शुल्क तिर्न बाध्य ग्राहकको हकमा भने अनुगमन गर्ने सरकारी निकायले ध्यान नदिएको पाइएको हो । बिहीवार मात्रै हेटौंडाको एक रेष्टुरेन्टमा १० प्रतिशत सेवा शुल्क तिरेका एक ग्राहकले सरकारी निकायको वेवास्थाले आफूहरु ठगिन परेको दु:खेसो पोखे ।

होटेल, रेस्टुरेन्टहरुले श्रम ऐन २०७४ को दफा ८७ (३) र श्रम निमावली २०७५ को नियम ८२ को प्रावधानका आधारमा ग्राहकबाट अतिरिक्त १० प्रतिशत सेवा शुल्क लिँदै आएका थिए । सर्वोच्च अदालतले भने संविधानको धारा ४४ र धारा ११५ (१) को भावना र मर्म अनुकुल नदेखिएको भन्दै श्रम ऐन र नियमावलीको ती व्यवस्था माघ ११ गते देखि लागू हुने गरी अमान्य र बदर घोषित गरिदिएको हो । जिल्लाका होटल र रेष्टुरेन्टहरुले ग्राहकसँग सेवा शुल्क लिएका छन् वा छैनन् भन्ने सम्बन्धमा सरकारी निकायबाट अनुगमन भएको देखिँदैन् । अदालतको आदेश कार्यान्वयन गराउने दायित्व बोकेर बसेको सरकारी निकायहरु सुस्ताउँदा ग्राहकहरुले दैनिक समस्या भोगिरहेका छन् ।

उपभोक्ता हित संरक्षण मञ्च मकवानपुरका पूर्वअध्यक्ष तथा वर्तमान केन्द्रीय उपाध्यक्ष बासु खतिवडाले सेवा शुल्कको नाममा हेटौंडाका होटल तथा रेष्टुरेन्टहरुले ग्राहकसँग पैसा असुल गरिरहेको बताए । मञ्चले यसअघि गरेको अनुगमनबाट होटल तथा रेष्टुरेन्टले सेवा शुल्क लिइरहेको पाइएको खतिवडाले बताए । तर, जिल्लास्थित सरकारी निकायले मुल्यको विषयमा चासो लिएर अनुगमन गर्न नसकेको उनको भनाई छ । 'हेटौंडाका ठूला होटल तथा रेष्टुरेन्टहरुले सेवा शुल्क अझै लिइरहेका छन् । तर, अनुगमन नै हुन सकेन । बेथिति बढिरहेको छ,' खतिवडाले भने । हेटौंडाका प्राय जसो होटलहरुले शुल्क लिने गरेको उनको भनाई छ ।

सेवा शुल्क कुनैपनि लिन नपाउने भएता पनि अनुगमन नै नहुँदा बेथिति बढेको उनको भनाई छ । होटल तथा रेष्टुरेन्टहरुले भ्याटबाहेक अन्य शुल्क लिन नपाउने खतिवडा बताउँछन् । मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी नेत्र प्रसाद शर्माले विगतमा होटलहरूले लिँदै आएको शुल्कको विषयमा अनुगमन हुन नसकेको बताए । उनले सर्वोच्चको फैसला कार्यान्वयनमा प्रशासनले निरन्तर अनुगमन गर्ने जानकारी दिए । होटल एसोसिएसन मकवानपुरका अध्यक्ष दिलिश गोविन्द जोशीले सेवा शुल्क लिने गरेको विषयमा अनविज्ञता प्रकट गर्दै एसोसिएसनले सर्वोच्चको आदेश पालनाका लागि होटल तथा रेष्टुरेन्टहरूमा सर्कुलर जारी गर्ने बताए । होटल तथा रेष्टुरेन्टहरुले लिइरहेको सेवा शुल्क खारेजीको माग गर्दै २३ जेठ, २०७५ मा प्रेमलाल महर्जनले दायर गरेको रिटमा बुधबार कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीशहरु विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको संवैधानिक इजलासले फैसला सुनाएको थियो ।

'विधायिकाद्धारा निर्मित ऐनले प्रष्ट र किटानी रुपमा शुल्कको निश्चित दर तोकी असुल गर्ने गरी अख्तियारी दिएको अवस्थामा बाहेक रोजगारदाताले सामूहिक सम्झौताको आधारमा शुल्क असुल गर्न नपाउने भएकाले यसरी सामूहिक सम्झौता बमोजिम शुल्क रकम लिने कार्य गर्न नदिनु, नदिलाउनू, त्यस प्रकारको कार्य तत्काल रोक्नू भनी प्रत्यर्थीहरुका नाउँमा प्रतिषेध मिश्रित परमादेश समेत जारी हुने ठहर्छ,' फैसलामा भनिएको छ । फैसलासंगै अब होटेल, लज, मोटेल, रेस्टुरेन्ट, फुडकोर्ट एवं यस्तै खाना, खाजा तथा नास्ताको सेवा उपलब्ध गराउने व्यवसायीले ग्राहकसँग बिक्री गर्ने खाना तथा खाजाको मूल्यमा १० प्रतिशत सेवा शुल्क उठाउन नपाउने भएका छन् ।

हेटौंडाका होटल तथा रेष्टुरेन्टहरुले ग्राहकसँग सेवा शुल्क लिने मात्र नभई खाना तथा खाजामा महंगो शुल्क लगाएका छन् । होटल पिच्छे मुल्यमा फरक पर्ने गरेका छन् । तर, सरकारी निकायले मुल्यको विषयमा चासो नदिँदा ग्राहकहरु दैनिक ठगिन बाध्य छन् । एउटै पानीको मुल्यलाई होटलहरुले २० देखि ५० रुपैयाँसम्म लिने गरेका छन् । खतिवडाका अनुसार एउटै खानाको मुल्य २ सयदेखि ७ सयसम्म लिने गरेका छन् ।

# गढीमा पानी ल्याउन मुहान खोज्दै जनप्रतिनिधि

साझाकुरा संवाददाता



हेटौंडा, १२ माघ/ खानेपानीको अभाव कायमै रहेको मकवानपुरगढी गाउँपालिकाको २, ३ र ४ वडा पानी ल्याउन जनप्रतिनिधिहरु मुहान खोज्न लागि परेका छन् ।

शुद्ध र स्वच्छ पानी ल्याउन जनप्रतिनिधिहरु ८ नम्बर वडाको बुढीचौर क्षेत्रमा उपलब्ध पानीको स्रोतको अध्ययनमा लागेका हुन् । यसअघि गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङतान, उपाध्यक्ष मानकुमारी पाखिन, ३ नम्बर वडाका वडाध्यक्ष भागवत घिमिरे, प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनीले बुढीचौर खोलाको पानीलाई साविकको गढी गाविस (हालको २, ३ र ४ नम्बर वडा)मा ल्याउन स्थलगत अध्ययन गरेका थिए । हाल गाउँपालिका अध्यक्ष स्याङतान, वडाध्यक्ष घिमिरे प्राविधिकहरु लिएर पुन: बुढीचौर पसेका छन् । यसअघि बुढीचौरको पानी ल्याउन अध्ययन गरेता पनि हाल मानववस्ती भन्दा टाढा रहेको खहरेको पानी ल्याउन निरीक्षण गरिएको छ ।

साविक गढीमा खानेपानी समस्या भएपछि त्यसको दीर्घकालीन समाधानको लागि ८ नम्बर वडामा रहेका विभिन्न पानीका मुहानहरुको प्रारम्भिक अध्ययन भइरहेको वडाध्यक्ष घिमिरेले जानकारी दिए । गाउँपालिका नेतृत्वले बुढीचौरकै धन्दुरी खोलाको पानी ल्याउने तयारी स्वरुप अध्ययन गरेको हो । मानवबस्तीबाट टाढा रहेको धुन्दुरी खोलाको पानी फोहोर मुक्त रहेको र पिउनको लागि एकदमै स्वच्छ र शुद्ध रहेको पाइएको घिमिरेले बताए । खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका ईन्जिनियर सहितको प्राविधिक टोलीले धुन्दुरी खोलाको पानी गढीमा ल्याउन सम्भाव्यता अध्ययन गरेको हो ।

हालको मकवानपुरगढी गाउँपालिकाको वडाहरु २, ३ र ४ मा संचालनमा रहेको बृहत खानेपानी योजनामा पानीको अपुग भएपछि थप मुहानको खोजी भएको हो । २ नम्बर वडामा रहेको धवाडी खोल्सीको पानीलाई बृहत खानेपानी योजनाको मुहानको रुपमा प्रयोग गरिएको छ । धवाडी खोल्सीको पानी अपुग भएपछि अन्य मुहानको खोजी गरिएको हो । मकवानपुरगढीका पूर्वअध्यक्ष बिदुर हुमागाईंको अगुवाई तथा तत्कालीन संघीय अर्थसमितिका सभापति तथा मकवानपुर क्षेत्र नम्बर १ का सांसद कृष्ण प्रसाद दाहालको विशेष पहलमा मकवानपुरगढी गाउँपालिकाको खानेपानी समस्याको दीर्घकालीन समाधानको लागि यसअघि नै योजना समावेश भइ १५ करोड बजेटसमेत विनियोजन भएको छ ।

२ वर्षभित्र योजनाको काम सम्पन्न गरी स्थानीय सरकारलाई हस्तान्तरण गर्ने गरी काम अघि बढाईएको खानेपानी योजनाका अध्यक्ष कृष्ण प्रसाद पोखरेलले बताए । मकवानपुरगढीमा पछिल्लो समय बजारीकरण, व्यवसायिक पशुपालन, पर्यटकीय क्षेत्रको विकासलगायतका कारण पानीको खपत धेरै भइरहेको छ । खपत बढेकाले सीमित पानीको स्रोतका कारण अभाव बढ्दो रहेको हो । सोही कारण यहाँ खानेपानी आपूर्तिका लागि लिफ्ट सिस्टमका विभिन्न योजनाहरु पनि संचालनमा रहेका छन् ।

# सरस्वती पूजामा मामाघरलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ हेटौंडामा पूर्वसडक बालबालिकाहरुलाई आश्रय दिइरहेको मामाघर नेपाललाई सरस्वती पूजाको अबसरमा सहयोट जुटेको छ ।



सरस्वती पुजाको अबसर मा संयुक्त मधेसी युवा समिति नेपाल मकवानपुरले खाद्यान्न तथा शैक्षिक सामग्री सहयोग गरेको हो । समितिमा आवद्ध मुकेश बनियाँ, रुपककुमार वर्णवाल, पंकज दास, कृष्ण शाह, राहुल दास, बिक्रम दासहरुले सडकमा आश्रित बालबालिकाको क्षेत्रमा काम गर्दै आइरहेको मामाघर नेपाल मकवानपुरलाई सहयोग प्रदान गरेका हुन् । उनीहरुले चामल, तेल, इलेक्ट्रोनिक जग, ग्लुकोज, बिस्कुट, चाउचाउ, फुरनदाना, चिउरा, टमाटर, अन्डा, चेस, किताब र पेन्सिल सहयोग उपलब्ध गराएका हुन् ।

## व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बरः
९८४५०२७०६४/९८५५०६८०३८

## सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# व्यापार महोत्सवको उपलब्धि

मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा माघ ११ गतेदेखि २३ गतेसम्म हेटौंडामा १० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सव-२०७९ आयोजना भइरहेको छ । हेटौंडा-१० को भुटनदेवी पार्कमा आयोजना भइरहेको महोत्सवमा तीनसय ३७ वटा व्यापारिक स्टलहरु छन् । महोत्सवमा ३० वटा होटल, अटो जोनमा १० वटा, डोममा निर्मित विषेश प्रकारका ६ वटा विभिन्न व्यापारिक स्टलहरु रहेको संघले जानकारी दिएको छ । करिब एकसय स्टल जिल्ला बाहिरका व्यापारी छन् भने बाँकी स्टल जिल्लाभित्रकै रहेको संघले जनाएको छ । तीन वर्षदेखि कोरोना महामारीले विशेष खालको जनमानस जम्मा हुने कार्यक्रम गर्न नपाउँदा मेला महोत्सव आयोजना हुन सकेको थिएन । तीन वर्षपछि भएको महोत्सवमा स्टललाई श्रेणीमा विभिजन गरेर स्थानीयस्तरका उत्पादनलाई प्राथमिकता दिएर ५० प्रतिशत छुट दिएर स्टल व्यवस्थापन गरिएको आयोजकले जनाएको छ ।

कृषि, खाद्य, दैनिक उपभोग्य वस्तुहरु, घरेलु हस्तकला, महिला उद्यमीका उत्पादित सामानहरु, होटल, सूचना प्रविधि, शैक्षिक संस्था, दैनिक नि:शुल्क स्वास्थ्य शिबिर, अटो सवारी साधन, राष्ट्रिय तथा बहुराष्ट्रिय कम्पनीका स्टलहरु, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुको स्टल एवम् महोत्सवमा बाल उद्यान, विभिन्न कलाकारहरुको साथमा मनोरञ्जन तथा चेतनामूलक सामाग्रीहरु मेलाका आकर्षक छन् । स्थानीय स्तरमा उत्पादन भएको चुच्चेखोलाको खुवा, राक्सिराङको गिट्ठाभ्याकुर, डोको, डालो, नाङ्लो, खुर्पेटो तथा रैथाने बालीहरु कोदो, फापर, गेडागुडीलगायत प्रर्दशन तथा बिक्री स्टल छन् । हेटौंडा आइडल, हेटौंडा डान्सिङ स्टार र दुलही श्रृंगार प्रतियोगितासमेत महोत्सवको दौरानमा आयोजना गरिएको छ ।

कोरोना महामारीबाट थङथिलो भएको अर्थतन्त्रलाई चलायमान बनाउन र विछिप्त मनलाई बहलाउने कार्यमा मेला सफलिभूत हुनुपर्छ । व्यापार महोत्सव स्थानीय उत्पादनको प्रबर्द्धन गर्न तथा कला संस्कृतिको जगेर्ना गर्न केही हद्सम्म सफल हुने देखिन्छ । स्थानीय केही व्यवसायीहरुको गुनासोबीच भइरहेको महोत्सव समग्र आर्थिक क्षेत्रको विकासमा सफल हुनुपर्छ । महोत्सवमा हुने व्यापार र अन्य प्राथमिकताहरुबाट स्थानीय कृषक, व्यवसायी र कलाकारहरुले उचित प्रचार प्रसार र प्रबर्द्धन पाउनु नै महोत्सवको उपलब्धि हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ १४ गते शनिबार २८ जनवरी २०२३ । सप्तमी माघ शुक्लपक्ष। सिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ६:५५, सूर्यास्त ५:३९।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कार्य सिद्धिमा विलम्ब | तुला | : व्यवसायमा विवाद |
| वृष | : परिवारमा कलह | वृश्चिक | : मानसिक अशान्ति |
| मिथुन | : यात्रामा बाधा | धनु | : कार्यमा ढिलाइ |
| कर्कट | : काममा सफलता हात पर्ने | मकर | : मांगलिक कार्य सम्पादन |
| सिंह | : अपजस पाइने | कुम्भ | : उपचारमा खर्च बढ्ने |
| कन्या | : बौद्धिक कार्यमा वाधा | मीन | : मानमर्यादाको वृद्धि |

# स्वार्थको द्वन्द्वमा नयाँ दल र नेता पनि उस्तै



डा. जगन कार्की

स्वार्थको द्वन्द्व (कन्पिलक्ट अफ इन्ट्रेस्ट) का घटना नेपालको लोकतन्त्र र विधिको शासन प्रणालीमा एक मुख्य समस्या बन्दै आएको देखिन्छ। सामान्यत: स्वार्थको द्वन्द्व भन्नाले कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले उक्त पद, शक्ति र पदमार्फत प्राप्त सार्वजनिक स्रोतसाधनलाई आफ्नो व्यक्तिगत लाभका लागि प्रयोग गर्ने प्रक्रियालाई बुझिन्छ। यो कसैको निर्णय या काम जिम्मेवारीको मुख्य उद्देश्यसँग मेल नखानु र उक्त व्यक्तिले गरेको काम सार्वजनिक कामको पारदर्शिता र निष्पक्षता कायम नहुनु हो। आफ्नो निजी स्वार्थ र आफूले धारण गरेको सार्वजनिक पदले प्रदान गर्ने उद्देश्य पनि एकै भएर दुरूपयोग हुनु स्वार्थको द्वन्द्व हो।

कतिसम्म भने व्यक्तिले कुनै सार्वजनिक पद धारण गरे बापत पाउने उपहार, सार्वजनिक स्वार्थ पूरा गर्ने उद्देश्य बाहेक लिइने मानसम्मान, सत्कार पनि स्वार्थको द्वन्द्वभित्र पर्दछन्। जस्तो कि कुनै पद धारण गरेको व्यक्तिले कुनै स्थानमा गएर विशेष अतिथि भैदिए बापत प्राप्त गर्ने यात्रा सुविधा, टिकट सुविधा, भोजभतेर जस्ता सामान्य कुराहरू पनि पर्छ। पद धारण गरेको व्यक्तिले आफ्ना व्यक्तिलाई जागिर लगाउने या पदको दुरूपयोग गरेर व्यक्तिगत लाभको लागि गरिने धेरैजसो क्रियाकलाप स्वार्थको द्वन्द्वअन्तर्गत पर्छ। स्वार्थका द्वन्द्व सम्बन्धी विविध अध्ययनहरूले हरेक भ्रष्टाचारका घटनाको मुख्य जड तत्व अर्थात् भ्रष्टाचारलाई अवसर दिने क्रियाकलाप नै स्वार्थ बाझिने स्थानमा व्यक्ति या समूहलाई स्थान दिनु हो भनी ठहर गरेका छन्।

प्रजातान्त्रिक मूल्य र मान्यताको उदयसँगै विश्वभर नै लोकतन्त्रका आधारभूत मान्यता स्थापित भए। तर व्यक्तिगत स्वतन्त्रता, गोप्य मतदान र विधिको शासन जस्ता सर्वमान्य व्यवस्थालाई दुरूपयोग गर्दै व्यक्तिगत स्वार्थ बोकेका पात्रहरू सार्वजनिक पदमा पुगिरहे। उनीहरूले सार्वजनिक हित विपरीत निजी स्वार्थका लागि काम गर्न थालेपछि पुरानो तानाशाही व्यवस्थालाई पनि माथ गर्ने अभ्यास देखिन थाले। यस्तो चरित्रलाई व्यवस्था विपरीत आचरण मान्दै अवैध ठहऱ्याउने, दुरुत्साहित गर्ने र कारबाही गर्ने नीति र विधि बनाउँदै व्यावहारिक अभ्यास पनि सुरु भए।

***स्वार्थको द्वन्द्वको भुमरीमा नेपाल***

सत्ता र शक्तिको आडमा अकुत सम्पत्ति कमाउने व्यक्तिगत स्वार्थबाट प्रेरित या सृजित भएका धेरै सन्दर्भ हामीसँग छन्। बालुवाटार काण्डदेखि यती, ओम्नी, बतास काण्डहरू जनजनलाई कण्ठ भइसके। हिजोआज बढेका आफ्नो, साझेदारी रहेको या आफन्तको नाममा दर्ता गरेका कम्पनीहरूलाई टेन्डर दिने, नीतिनियम नै ती कम्पनी अनुकूल बनाइदिने कुरा स्वार्थको द्वन्द्वको विकराल अवस्था हो। बैंकवाला नै व्यापारी, व्यापारी नै बैंकवाला, संसदीय समितिहरूमा उद्योगपति सांसद वाणिज्य समितिमा, स्कुल सञ्चालक शिक्षा समितिमा, निर्माण कम्पनी सञ्चालक सांसद विकास र सार्वजनिक लेखा समितिमा सदस्य बन्ने र चलखेल गर्ने अभ्यास नेपालमा संस्थागत भइरहेको छ। यहाँ न बन्नेलाई लाज छ न बनाउनेलाई। नीति-निर्माणमै हस्तक्षेप गर्ने काम खुल्लमखुला भइरहेका छन्।

राजनीतिमा पनि निश्चित व्यक्तिले पैसा र शक्ति खर्चेर दलीय सत्तालाई निजी स्वार्थमा प्रयोग गरिएका छन्। न्याय सम्पादनमा पनि मोटो आर्थिक चलखेल गराएर पदमा आसीन व्यक्तिका आर्थिक प्रलोभनलाई केन्द्रमा राखेर मनमौजी फैसला गरिएका घटना एकपछि अर्का चर्चामा छन्। प्रशासनमा पनि उही हाल छ।नेपालको संविधानले परिकल्पना गरेको 'स्वच्छ', 'निष्पक्ष', 'पारदर्शी' र 'भ्रष्टाचारमुक्त' सार्वजनिक प्रशासनको मान्यता स्वार्थको द्वन्द्वको व्यवस्थापन नभएको कारणले ती कागजमा मात्र सीमित रहेका छन्। व्यापारी अरबपतिहरू सांसद हुन अर्बौं खर्च गरेर अर्थमन्त्री बन्न खोज्ने, शैक्षिक माफियाहरू शिक्षा मन्त्रालय नियन्त्रणमा लिएर आफू अनुकूल नियम ल्याउन लागिपर्ने, मेडिकल माफियाहरूको स्वास्थ्य मन्त्रालयमा नजर जस्ता निजी स्वार्थले राजनीति कब्जा गर्ने घटना सामान्य जस्ता बनेका छन्।

कतिसम्म भने अपराधबाट माफी पाइन्छ भनेर सांसद बन्ने या बनाइने अभ्यासहरू पनि देखिए। देशमा यसरी बढेर गएको स्वार्थको द्वन्द्वको डरलाग्दो परिपाटीले भोलि देशको सार्वभौमिकता नै निहित स्वार्थ बोकेका व्यक्तिहरूले पैसाको लोभ र लालचमा देशको सार्वभौमिकता र राष्ट्रियता नै खतरामा पर्ने जोखिम बढिरहेको छ।केन्द्रमा मात्र हैन प्रदेश र स्थानीय तहसम्म फैलिएका स्वार्थको द्वन्द्वको जालोले नेपालको राजनीति नै अपहरणमा परेको भान हुन्छ। स्थानीय निकायका वडा अध्यक्ष नै डोजर, स्काभेटर राखेर विकासको बजेट आफ्नो कम्पनीमा पार्ने, आफ्ना कम्पनीलाई कोभिड खोप किन्न टेन्डर पारिदिने जस्ता घटनाले प्रष्ट हुन्छ देश र सार्वजनिक हित भन्दा व्यक्तिगत हितद्वारा बहुमत नेता र तिनको राजनीति निर्देशित छ।

लोकतान्त्रिक मूल्यमान्यता विपरीत स्वार्थ बाझिने स्थानमा जानु नै अनैतिक काम हो। अझ मरिहत्ते गरेर पदमा जानुले त झन् शंका बढाउँछ। एकजना अपराधीले आफ्नो अपराधको छानबिन गर्न आफू नै प्रहरी बन्न खोज्नु कति अनैतिक काम हो ? आफ्नो भ्रष्टाचारको कर्तुत ढाकछोप गर्न आफ्नै व्यक्तिलाई भ्रष्टाचार नियन्त्रण निकायको हाकिम बनाउने अभ्यास कति लज्जास्पद काम हो ? हुँदाहुँदा आफ्नो पक्षमा फैसला गराउन संवैधानिक निकायसम्म खल्तीका मानिस भर्ती गर्ने काम पनि भए। नीति बनाउने दल र सरकार नै यस्ता गिरोहको नेतृत्वमा पुगे पनि अन्यथा मान्नु नपर्ने अवस्था देखिन्छ।यसरी नेपालमा अपराध गरेर उम्किन अपराधको र राजनीतीकरण र राजनीतिको अपराधीकरण गर्ने क्रम बढेको छ। यसको ज्वलन्त उदाहरण दीपक मनाङेदेखि गणेश लामाहरूको राजनीतिक यात्रा र तिनलाई स्थान र समर्थन गर्ने दल र नेताहरूको चरित्र हो।

***आश गरिएका नेता र पार्टी पनि उस्तै***

पुराना दलका स्वार्थको द्वन्द्वजन्य अभ्यासबाट वाक्क भएका जनताले विकल्प खोज्न चाहेको सन्देश दिए। परिवर्तनको घन्टीको रालो नै पुन: पुरानै चरित्र भएकाहरूको हातमा पुग्दा जनताले चाहेको परिवर्तन र विकल्पको अभिलाषामा तुषारापात हुनेछ। स्वार्थको द्वन्द्वद्वारा सिर्जित अन्य विकृतिमा आगो ओकल्ने दलका सांसद र समर्थक यो मुद्दामा मौन देखिन्छन्। आफूले गरे पुण्य अरुले गरे पाप भन्ने मानसिकता सबैमा देखिन्छ। यस्तो काम जसले गरे पनि यो स्वार्थको द्वन्द्वको विकृत अवस्था हो। यस्ता विषयमा नयाँ र परिवर्तनका पक्षमा आगो ओकल्नेहरूले अग्निपरीक्षा नै दिनुपर्ने हुन्छ।

हाल रवि लामिछानेको नागरिकताको मुद्दामा गृह मन्त्रालयअन्तर्गतको काठमाडौं जिल्ला प्रशासन कार्यालय नै प्रतिवादी रहेको देखिन्छ। यस्तो अवस्थामा गृह मन्त्रालयमा नै आउँदा उनको नियत सफा नै भएको भए पनि प्रष्ट रूपमा स्वार्थ बाझिएको देखिन्छ। जतिसुकै मैले मेरो मुद्दा हेर्दिनँ भने पनि स्वार्थ बाझिने यो अवस्थामा पदमा रहिरहनु रवि लामिछानेको नैतिक कमजोरी देखिन्छ। रविले स्वार्थको द्वन्द्व मनन गरेर गृह मन्त्रालयको सट्टा अरु मन्त्रालय रोजी दिएको भए या फैसला नहुन्जेल मन्त्री बन्ने हतारो नै नगरेको भए उनका शुभचिन्तक र उनको सफलता चाहनेहरू रुष्ट हुने थिएनन्। हिजो संचारकर्मी हुँदा अरुलाई बारबार नैतिकताको प्रश्न गरेका रवि प्रश्न भन्दा पर रहने छुट छैन।लामिछाने आफू त स्वार्थको द्वन्द्वमा फसेफसे, मन्त्रिमण्डल विस्तारमा मेनपावर र रेमिटान्स व्यवसायमा संलग्न रहेका डोलप्रसाद (डीपी) अर्याललाई श्रम मन्त्रालयको जिम्मेवारीमा सिफारिस गरे। राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष अर्याल वैदेशिक रोजगार कम्पनी सृष्टि ओभरसिज इम्प्लोइमेन्ट सर्भिसेज प्रालिका लगानीकर्ता रहेको खुलेको छ।

उता, 'भ्रष्टाचार गर्नु आमाको रगत खाए सरह हो' भन्ने चर्को नारा दिएका लिङ्देन नेतृत्वको राप्रपाको पनि उही हाल छ। पार्टीका उपाध्यक्ष विक्रम पाण्डेलाई व्यवसायसँग प्रत्यक्ष जोडिएको मन्त्रालय जिम्मा लगाइएको छ। उनको कालिका कन्स्ट्रक्सनले गुणस्तरहीन काम गरेकोमा विवाद हुँदै आएको छ। साथै सिक्टा सिंचाइ आयोजनामा गुणस्तरहीन काम गरेको आरोपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको दुई अर्ब भ्रष्टाचारको आरोप नै खेपेका व्यक्ति हुन् पाण्डे। भ्रष्टाचारविरोधी चर्को नारा दिएर आएका नयाँ नेता र दलको हविगतले स्वार्थका द्वन्द्व र यसले निम्त्याउने नीतिगत भ्रष्टाचार बढेर जाने देखिएको छ।अझ डरलाग्दो पक्ष त अपराधी र राष्ट्रियता विरोधी तत्वहरूले ठूलो आर्थिक चलखेल गरेर यस्ता व्यक्ति र प्रवृत्तिको साथ लिएर प्रणालीलाई नै हाइज्याक गर्न सक्छन्।

***कसरी रोक्ने स्वार्थको द्वन्द्व ?***

लोकतन्त्रको उच्चतम अभ्यास भएका देशहरूमा स्वार्थको द्वन्द्व बाझिने पदमा कोही व्यक्तिलाई जान नदिन स्पष्ट व्यवस्था गरिएको हुन्छ। कसैले छलकपट या शक्तिको आडमा स्वार्थ बाझिने पदमा गएर काम गरेको भेटे शून्य सहनशीलताको नीति अनुरूप अपराधको रूपमा लिएर कारबाहीसम्म गरिन्छ। सार्वजनिक पद धारण गरेकाहरूले स्वार्थ बाझिने काममा अनुचित निर्णय नलिऊन् र सार्वजनिक हितविरुद्ध सत्ता र शक्तिको दुरूपयोग नगरून् भनेर स्वार्थको द्वन्द्वको प्रभावकारी व्यवस्थापन गर्न कडा कानुनी र नीतिगत व्यवस्था गरिएका हुन्छन्। स्वार्थको द्वन्द्व बाझिने काममा उच्च नैतिकता प्रदर्शन गर्दै नेता या कुशल व्यवस्थापकहरू आफैं त्यस्ता स्थानमा नजाने प्रचलन हुन्छ।

त्यस्ता व्यक्तिहरूबारे प्रश्न उठे अदालतले नै त्यस्ता व्यक्तिहरूलाई काम गर्न प्रतिबन्ध लगाउने चलन हुन्छ।जनताले स्वार्थ बाझिएका क्रियाकलापहरूमा नैतिकता र इमानदारीको कसीमा राखेर तत्काल हानि हुने अवस्था भए आन्दोलनमार्फत आवश्यक हस्तक्षेप गर्ने, नभए आवधिक चुनावमार्फत आवश्यक पुरस्कार या दण्डको व्यवस्था गर्ने परम्परा हुन्छ । स्वार्थको द्वन्द्व र यसले निम्त्याउने भ्रष्टाचार सम्बन्धी जनचेतना बढाउन आवश्यक छ। कसरी आपराधिक गिरोहले संगठित रूपमा आफ्नो स्वार्थ अनुरूप राज्य र राजनीतिक सत्तालाई दुरूपयोग गर्छन् ? उनीहरूले देश र जनतालाई कसरी नोक्सानी पुऱ्याउँछन् भन्ने बहस र विमर्स छेड्ने भूमिका बौद्धिकवर्ग र मिडियाको हो। स्वार्थको द्वन्द्वका विषयमा हिजोआज मिडिया र सामाजिक संजालमा बहस सुरु भए पनि यो पर्याप्त छैन। स्वार्थको द्वन्द्वको नियन्त्रणमा जनस्तरबाट पनि काम हुनुपर्छ। निगरानी, खबरदारी र त्यस्ता काम गर्न प्रोत्साहन नगर्ने र गर्नेहरूलाई तुरुन्त सम्बन्धित निकायमा उजुरी गरेर, मुद्दा हालेर रोक्न नागरिकको पनि भूमिका हुन्छ।

नेपालमा भ्रष्टाचारलाई आर्थिक लेनदेन या घुसको रूपमा मात्र बुझिने गरिएको छ। स्वार्थको द्वन्द्व भ्रष्टाचारको प्रमुख कारक भएकोले आर्थिक हिनामिना मात्र हैन, पदमा गएर शक्ति दुरूपयोग गर्नु र गर्नुपर्ने काम नगर्नु पनि भ्रष्ट आचरण नै हो। जस्तै, भ्रष्टाचार नियन्त्रणको जिम्मेवारी लिएर ठूला भ्रष्टाचार नियन्त्रणको काम नगर्नु, ठूला भ्रष्टाचार विरुद्ध आँखा चिम्लिनु इत्यादि। भ्रष्टाचार या अख्तियारीको दुरूपयोगलाई कडा नीति, नियम र कानुनको व्यवस्था गरेर स्वार्थको द्वन्द्व निम्त्याउन नै रोक्ने काम लगायतका अभ्यासहरू अन्तर्राष्ट्रिय रूपमा भएको पाइन्छ। यस्तै कुनै पनि जिम्मेवारीमा जान लागेको व्यक्तिसँग सम्बन्धित काम स्वार्थ बाझिने छन् भने खुलाउनुपर्छ। स्वार्थको द्वन्द्वको अडिट गर्नुका साथै त्यसको कार्यसम्पादन गर्दा स्वार्थ बाझिने व्यक्ति सामेल नहुने जस्ता विधि प्रचलनमा छन्।

(डा. कार्की लण्डनमा प्राध्यापन गर्छन्।)

*साभार: अनलाइनखबर*

# मिडिया स्टन्टबाजी र ढौंगी राजनीति

✍ राजेन्द्र किराती

सन् २०१८ मा पाकिस्तानमा क्रिकेटर इमरान खान प्रधानमन्त्री नियुक्त भए । नियुक्तिलगत्तै उनले सरकारी खर्च कटौतीलाई प्राथमिकतामा राखेर प्रधानमन्त्री निवासमा नबस्ने घोषणा गरे, जहाँ दर्जनौं वबलेट प्रुफ गाडी र सयौं सुरक्षाकर्मी र कर्मचारी तैनाथ हुन्थे । उक्त प्रधानमन्त्री निवासलाई अनुसन्धान विश्वविद्यालय वनाउने घोषणा गर्दै उनी एकजना सैन्यसचिवको घरमा डेरा लिएर वसे । आम खर्च कटौतीको आह्वान गर्नु विग्रदो पाकिस्तानी अर्थतन्त्र पुनर्जीवनको लागि अनिवार्य थियो ।

नयाँ प्रधानमन्त्रीबाट यस्तो लोकप्रिय कार्यहरुको थालनी गर्नुले पाकिस्तानको मात्र होइन, सारा विश्वजगतकै ध्यान खिचेको थियो । सञ्चार जगतमा उनको यो कदम भाइरल भएसँगै उनको लोकप्रियता उत्कर्षमा पुग्यो । प्रधानमन्त्री त यस्तो हुनुपर्छ भनेर पाकिस्तानमा मात्र होइन, विश्वभरी नै सकारात्मक र प्रसंशनीय टिप्पणी भए । यता नेपालमा सन् २०११ मा डा. बाबुराम भट्टराई प्रधानमन्त्री नियुक्त भए । उनले पनि सादा जीवन र उच्च विचारको नीति अंगीकार गर्दै करोडौंको गाडी त्यागेर नेपालमै वनेको मुस्ताङ्गी जीप चढ्ने घोषणा गरे ।

तात्कालीन प्रधानमन्त्री भट्टराईको यो कदम केवल खर्च कटौतीमा मात्र सीमित थिएन । यो त साम्राज्यवादी दलाल अर्थतन्त्रले गाँजेको नेपाल जस्तो मुलुकमा स्वदेशी आत्मनिर्भर राष्ट्रिय पुँजी विकासमा पनि सहयोगी थियो । भट्टराईको उक्त कदमको चौतर्फी गुणगान र वाहवाही भयो । उनी वौद्धिक मात्र नभएर नेपाल र नेपालीको मर्म, भावना र आवश्यक्तालाई राम्रोसँग वुझ्न सक्ने एक कुशल नेता भनेर प्रसंशा गरियो । सञ्चार सञ्जाल र जनजन्को बोली सबै भट्टराईमय हुन पुग्यो ।

त्यसैगरी, तात्कालीन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले पनि मन्त्रीलाई उपलव्ध हुने सुविधासम्पन्न गाडी नचढ्ने घोषणा गरे । उनले मन्त्रालय जाँदा आउँदा साइकल प्रयोग गरे । मन्त्री पण्डितको त्यस्तो सादगी जीवन पद्धतिको पनि सवैले खुलेरै प्रसंशा गरे । उनी एकाएक राजनैतिक तथा सामाजिक सञ्जालमा भाइरल वने । उनको गुणगान र चर्चाले राम्रै कभरेज लिएको थियो । लालबाबु भन्ने वित्तिकै सरल र सादगी विम्व प्रतिविम्वित हुन्थ्यो । त्यस्तै, गत स्थानीय निर्वाचनमा हर्क साम्पाङले धरान उपमहानगर पालिकाको मेयरमा विजय लगत्तै खादा मालाले सम्मान नगर्न उर्दी जारी गरे । धराने जनतालाई पानी खुवाउने भन्दै आसपासको खोलाहरुमा ढुंगा, गिटी र वालुवा कुटे र बोके । यस्तो श्रम संस्कृतिमा उनी आफै सहभागी भए ।

लोकप्रियताको शिखरमा पुगेका पार्टी वा व्यक्तिहरू किन एकाएक आधारमा झर्छन् ? समर्थक र प्रशंसकहरूले पनि किन यति छोटो अवधिको लागि मात्र प्रेम र सम्मान गर्छन् ? यसरी प्रारम्भमा सबैको ध्यान बल खिच्न सक्ने व्यक्ति उत्तरार्द्धतिर किन एक्लो बन्छन् ? प्रश्न असरल्ल छन् । नेपालमा श्रम संस्कृति छैन । यो दु:खद कुरा हो । यस्तो वस्तुगत धरातलमा मेयर हर्क साम्पाङले आफै समेत लागेर श्रमलाई स्थापित गराउने प्रयत्न गर्नु उदाहरणीय काम हो । यो तपाईं हामी सवैले सिक्नुपर्ने विषय हो । हर्क साम्पाङको यस्तो जीवनशैली देशमा मात्र होइन, विदेशमा पनि भाइरल भयो । उनको प्रसंशक र समर्थक हवात्तै बढे, जुन स्वयं साम्पाङलाई थेग्न निकै मुश्किल भयो ।

माथि उल्लेखित पात्र र परिघटना पछिल्लो राजनीतिमा अनिवार्य वन्दै गएको बाहिर प्रचारमा आएका केही प्रतिनिधि उदाहरण मात्र हुन् । कतिपय चर्चामा नआएका थुप्रै प्रसङ्ग गुमनाम पनि छन् । यद्यपि पछिल्लो समय यति धेरै ढोंगी शैली किन अपनाउन वाध्य छन् नेताहरु ? यसरी लोकप्रिय बन्दा बन्दै पनि उनीहरु दीर्घकालिक रुपमा किन सफल हुन सकेका छैनन् ? लोकप्रियताको शिखरमा पुगेका पार्टी वा व्यक्तिहरु किन एकाएक आधारमा झर्छन् ? समर्थक र प्रसंशकहरुले पनि किन यति छोटो अवधिको लागि मात्र प्रेम र सम्मान गर्छन् ? यसरी प्रारम्भमा सबैको ध्यानबल खिच्न सक्ने व्यक्ति उत्तरार्द्धतिर किन एक्लो बन्छन् ? प्रश्न असरल्ल छन् । अर्थात् सुरुमा यसो गरे भने सबैले मलाई वाहवाही गर्छन् भनेर जान्ने वा सचेत व्यक्ति अन्त्यतिर भने अचेत भएर त्यो विगतको विरासत जोगाउन नसकेको हो त ? यो जटिल प्रश्नको सही र वस्तुवादी जवाफको खोजी नगरी तथ्य धरातलमा पुगिदैन । तथ्य धरातलमा नटेकी सवालको सही जवाफ दिन सकिदैन । सही जवाफ विना गन्तव्यमा पुगिदैन । गन्तव्यमा नपुग्नु भनेको आजको समस्या जहाँको त्यही रहनु हो ।

वस्तुत: पहिलो सस्तो लोकप्रियता र हल्ला वा प्रचारवाजीले निर्देश गरेको समाजमा सिद्धान्त प्रधान हुँदैन । सिद्धान्त प्रधान नभएको समाजमा खास दृष्टिकोण हुँदैन । खास दृष्टिकोण नभएको समाजमा स्पष्ट नीति र कार्यदिशा हुँदैन । स्पष्ट कार्यदिशा नभएको समाजमा अन्तिम गन्तव्यको खाका सहितको कार्ययोजना हुँदैन । कार्ययोजना नभएको समाजमा सिलसिला वा चरणवद्ध ठोस कार्यक्रम हुँदैन ।

यसरी निश्चित दृष्टिकोणद्वारा निर्देशित स्पष्ट कार्यक्रमै नभएपछि सम्पूर्ण सामाजिक सत्ताहरु हचुवाको भरमा सञ्चालन गरिन्छ । देशी-विदेशी शक्ति र स्वार्थ समूह वा गुटद्वारा निर्देशित हुन्छ । जसलाई जे मन लाग्यो, त्यही नै नीति र विधि मान्नुपर्ने हुन्छ । अर्थात् सिंगो राजकीय सामाजिक सत्ताहरु नै मनोगत भाष्यद्वारा परिचालित हुन्छ । नीति, विधि, प्रक्रियाहरु सवै औपचारिकता र देखावटी साजसज्जा मात्र हुन्छ । तव सस्तो लोकप्रियताको ढोँग नै अन्तिम अस्त्र सिद्ध भइदिन्छ ।

दोस्रो, आजको पुँजीवादले अधिकांश मुलुकहरुमा अभ्यास गरिरहेको राजनैतिक प्रक्रिया भनेको आवधिक चुनाव हो । उनीहरुको यो प्रक्रिया संसदीय राजनैतिक अभ्यासमा अभिव्यक्त भइरहेको छ । संसदीय प्रणालीमा आवधिक चुनावलाई लोकतन्त्रको गहना भनिन्छ । तर रुपवादी सौन्दर्य शास्त्रको कोणबाट हेर्दा गहना राम्रो भएपनि त्यसको नकारात्मक आयामहरु धेरै छन् । मूलत: आज चुनाव असाध्यै विकृत र खर्चिलो हुँदै गइरहेको छ । हुँदा-हुँदा आज लोकतन्त्र जसरी पनि वा जे गरेर पनि चुनाव जित्नुसँग मात्र जोडिन थालेको छ । यो हाम्रो लागि दुर्भाग्यको कुरा हो ।

यसरी सिंगो लोकतन्त्र नै जसरी पनि एक दुइ जम्मा गरेर अंक गणित बढाउनेमा सीमित भएपछि त्यसबाट उन्नत राजनैतिक उपलव्धिको अपेक्षा गर्नु वैचारिक दरिद्रता मात्र हुन्छ । यही खर्चिलो चुनाव जित्नको लागि विभिन्न जालझेल र तिकडम्वाजी गर्नु पर्ने वाध्यता छ । जसरी पनि चुनाव जित्ने नाममा पार्टी वा नेताहरुमा एकाएक सस्तो लोकप्रियताको ढोँग गर्ने प्रचलन हवात्तै बढेको छ । यो चुनाव जित्ने अनि शक्ति, पद र प्रतिष्ठा जस्ता अतिरिक्त मूल्य प्राप्ती गर्ने गतिलो अस्त्र भएको छ ।

तेस्रो, पुँजीवाद भनेको विभिन्न खाले स्वार्थगत अन्तरविरोधहरु विद्यमान भएको समाज व्यवस्था हो । यस्तो समाज व्यवस्थामा निजी र निहीत स्वार्थ निर्णायक हुन्छ । यहाँसम्म कि प्राकृतिक प्रकोपको वेला गरिने उद्धारमा पनि अझ ठूलो स्वार्थ लुकेको हुन्छ । अर्थात् समाजमा व्यक्तिगत, आफन्त, भाइवन्धु, साथीभाइ, चिनजान, समूहगत र पार्टीगत स्वार्थहरु हावी हुने गर्दछ । यही स्वार्थ प्राप्तीको टकरावजन्य नशामा विधि र प्रक्रिया संविधान, नियम र कानुनहरु छायाँमा पर्दै जान्छ । जतातत‍ै स्वार्थजन्य सञ्जाल प्रभावी हुँदै जान्छ । विना निहीत स्वार्थको कुनै सामाजिक सत्ता नै हुँदैन । यो पुँजीवादी लोकतन्त्रको सुगर कोटेड आवरण भित्रको गम्भीर खोट हो ।

रुपबाट हेर्दा सस्तो लोकप्रियताको ढोँग गलत छैन । यो असाध्यै अनुकरणीय काम हो । तर आज उसले सस्तो ढोँग गर्दाको लागत मुल्य र भोलि प्रतिफलबाट प्राप्त मुल्य बीचमा अतिरिक्त मुल्य असाध्यै वढी देख्नु नै लोकप्रियताको ढोँगमा लगानी बढाउनु हो । यस्तो स्वार्थै स्वार्थमा जकडिएको समाजमा सबैखाले उठवसहरु बाहिर हेर्दा र देख्दा राम्रो लागे पनि भित्र उही निहीत स्वार्थ नै अन्तरनिहीत हुन्छ । यो विडम्वना हो । हाताहाती केही दिएर त्यो भन्दा धेरै स्वार्थ प्राप्ती गर्नु भनेको पुँजीवादीहरुले मजदुरलाई शोषण गर्दै अतिरिक्त मुल्य वा नाफा कमाए जस्तै हो ।

उदाहरणको लागि भोलि ठूलो शक्ति आर्जनको स्वार्थमा गरिने सेवा वा श्रम, अस्मिता लुट्ने स्वार्थमा नारीहरुप्रति गरिने सेवा, सहयोग र सम्मान अनि कुनै मान-मर्यादा र प्रतिष्ठाको स्वार्थमा गरिने उद्धारसेवा पुँजीपतिहरुको अतिरिक्त मुल्य वा नाफा कमाउने अर्थराजनीतिकै विकसित वा छद्म रुप हो । यही उद्देश्य वा स्वार्थ वरपर बाटै पछिल्लो समय सस्तो लोकप्रियताको ढोँग अचाक्ली बढ्दै गएको छ । यसरी रुपबाट हेर्दा सस्तो लोकप्रियताको ढोँग गलत छैन । यो असाध्यै अनुकरणीय काम हो । तर आज उसले सस्तो ढोँग गर्दाको लागत मुल्य र भोलि प्रतिफलबाट प्राप्त मुल्य बीचमा अतिरिक्त मुल्य असाध्यै वढी देख्नु नै लोकप्रियताको ढोँगमा लगानी बढाउनु हो । यस अर्थमा यो सरासर गलत छ ।

*बाँकी पृष्ठ-३ मा...*

## जंगली जनावरको आतंक :

# बँदेल लखेट्न खेतमै सुत्छन् मधेशका किसान

धनुषा/धनुषाको बटेश्वर गाउँपालिका-१ का शिवकुमार महतोले माघ १ गते मकर संक्रान्ति मनाउन तिल, चिउरा, मुरही लगायतका खानेकुरा तयार पारे । आफू खान र आफन्तमा कोसेली बाँड्न तयार पारेको सामग्री बाँदर ले नष्ट गरिदिने डरले कोठामा ताल्चा लगाएर राखे ।

त्यसपछि उनी खेतीबाली कुर्न खेततिर गए । खेतमा पुग्दासम्म बाँदरले बालीनाली तहसनहस पारिसकेको थियो । निराश भएर घर फर्किएका शिवकुमारले ढोका खोलेर हेर्दा बाँदरले भित्र पसेर विहान तयार पारेको सबै खानेकुरा खाइसकेछ । ती बाँदरहरु घरको छानोको खपडा उप्काएर भित्र पसेका रहेछन् ।



न खेतका बालीनाली जोगियो, न घरको खानेकुरा । शिवकुमारले बाँदरबाट पहिलो पटक यस्तो सास्ती भोगेका होइनन् । बाँदर आतंककै कारण उनले एउटा खेतमा खेती लगाउनै छाडेका छन् ।

'खेतबारीमा पहरा दिन जाँदा बाँदरले घर पसेर समान लान्छ । सधैं घरमा बसेर खान पुग्दैन । बाँदरको आतंक सहिनसक्नुछ' उनले भने । शिवकुमारमात्र होइनन्, बाँदर आतंकले सिंगै चित्रपुर गाउँकै बासिन्दा पीडित छन् ।

विदेह नगरपालिका-८, मुरिबाकी नैतुन खातुनले गत मंसिरमा दुई कठ्ठा खेतमा आलु रोपिन् । जसमध्ये साढे एक कठ्ठाको आलु उम्रिन नपाउँदै बँदेलले खोतलेर खाइदियो । नैतुनको १० जनाको परिवार १५ कठ्ठा जग्गाको खेतीपातीबाट जीविका चलाइरहेको छ । तर पछिल्लो समय लगाएको बालीनाली पनि बँदेल र निलगाईले क्षति पुऱ्याउँदा जीविका चलाउन गाह्रो परिरहेको खातुनले बताइन् ।

'महंगोमा आलुको बीउ किनेर रोपेकी थिएँ । २०-२५ दिनमा बनसुँगुरले खाइदियो, यी हेर्नुस्' नैतुनले बारी देखाउँदै भनिन्, 'दिउँसो हेरचाह गर्छु । राति हुलका हुल आएर खनेर खाइदिन्छन् । हामी गरिबको जीविका कसरी चल्छ ?'

बटेश्वर गाउँपालिका १ लक्ष्मीनिबासका रामजनत यादवले १० कठ्ठा जग्गामा तरकारी खेती गर्दै आएका थिए । वर्षैभरि तरकारी उब्जाएर अढाई लाख रुपैयाँसम्म आम्दानी गर्थे । यही आम्दानीबाट घरखर्च र छोराको पढाइ खर्च व्यहोरिरहेका थिए । तर निलगाईको आतंकका कारण उनले तरकारी खेती छाडेका छन् । अब उनलाई परिवार पाल्न र स्टाफ नर्स पढिरहेका छोरालाई कसरी पढाउने चिन्ताले पिरोलेको छ ।

'मुख्य अयास्रोत नै तर कारी खेती थियो । हुलको हुल आएर निलगाईले धेरै क्षति गर्न थाल्यो । लगानी समेत नआउने भएपछि तरकारी खेती छाडेँ' यादवले भने 'अब अरु आयस्रोत छैन । घर परिवार कसरी चलाउने छोरालाई कसरी पढाउने सोँचेर गलिसके ।'

शहीदगर नगरपालिका-१ कुम्हकरण टोलका रामचन्द्र यादव बालीनाली जोगाउन राति र दिउँसो खेतमै पहरा दिन्छन् । कहिलेकाहीँ मात्रै पहरा दिन चुक्यो भने बालीनाली जंगली जनावरले सखाप गरिदिन्छ । एक्लै देख्यो भने मान्छेमाथि आक्रमण पनि गर्छ ।

'जुनसुकै बाली लगाए पनि निलगाईं र बँदेलले खाइदिन्छ, तरकारी खेतीमा त झनै बढी क्षति पुऱ्याउँछ । राति खेतमै बसेर पहरा दिन सानोसानो घर नै बनाएका छौं', रामचन्द्र भन्छन् 'किसानलाई बालीनाली सुरक्षित गर्न यो भन्दा अर्को विकल्प कुनै छैन । सरकार यसप्रति गम्भीर छैन ।'

धनुषा, महोत्तरी, सिरहा, सर्लाही लगायतका जिल्लाका धेरै किसान हिजोआज जंगली जनावरका कारण हैरान छन् । जंगली जानवरको आतंकले चुरे वरपर मात्र होइन, चुरेको ४० किलोमिटर भन्दा परका किसान पनि पिरोलिएका छन् । बदेल, निलगाई र बाँदरले खेतबारीको बाली खाइदिँदा किसानको गास खोसिँदै गएको छ ।

कृषिमा आश्रित किसानलाई अब कसरी जीविका चलाउने भन्ने चिन्ताले सताएको छ । अन्नबाली मात्र होइन, कहिलेकाही मान्छेलाई एक्लो देख्दा बँदेलले आक्रमण गरेर घाइते बनाउने किसानहरु बताउँछन् । बाली सुरक्षित गर्न किसानले खेतबारीमा रातदिन नै पहरा दिने, तारबार लगाउने, गोबर छर्किने जस्ता उपाय अपनाइरहेका छन् । तर तीनै तहको सरकार किसानको यो विकराल समस्या समाधानमा धेरै गम्भीर देखिँदैन ।

धनुषाको कमला नगर पालिका-८ का वडाध्यक्ष तिरपित भुरेर जंगली जनावरको आतंकले किसानलाई बाँच्नै मुश्किल भएको बताउँछन् । 'यो किसानको निकै ठूलो समस्या छ । किसान कसरी बाँच्छ ? सरकारले कि त यस्ता जंगली जनावर नियन्त्रण गर्नुपऱ्यो नभए मार्ने छुट दिनुपऱ्यो । अथवा संरक्षित क्षेत्रमा लगेर राख्नुपऱ्यो' उनी भन्छन् ।

वन कार्यालय धनुषाका प्रमुख बेचन चौधरीले यस्तो समस्या तराई मधेशका सबैजसो जिल्लामा देखिएकाले कानुन बनाएरै समाधान गर्नुपर्ने बताए । 'जबसम्म यसको विषयमा कानुन बन्दैन । तबसम्म यो समस्या समाधान हुँदैन' उनले भने ।

चौधरीका अनुसार निलगाई, बदेजस्ता संरक्षित जनावर मार्न नपाइने नियम छ, त्यसैले किसानले त्यस्ता जनावर मारेमा सजाय भोग्नुपर्छ । तर किसानको बालीनालीको क्षतिपूर्ति स्थानीय सरकार, वन कार्यालय र कृषि कार्यालय मार्फत दिनुपर्ने चौधरीले बताए ।

वन फडानीले बासस्थान घट्दै जानु, पानीको मुहान सुक्नु र आहार नपाउनुजस्ता कारणले जंगली जनावर बस्ती पसेको वन निर्देशनालयका वन अधिकृत सुरेश शर्मा बताउँछन् । 'अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन नीति बनाएर जंगली जनवरको क्षतिबाट बच्न सकिन्छ', वन अधिकृत शर्मा भन्छन् 'वनमा जंगली जनावरको बासस्थानको जगेर्ना गर्नुपऱ्यो, संरक्षण गर्नुपऱ्यो, धनजनको सुरक्षाको लागि जनतालाई प्रशिक्षित गर्नुपर्ने लगायतको नीति नियम बनाएर समस्या समाधान गर्नेतर्फ लाग्नु पर्छ ।'

मधेश प्रदेशका उद्योग वन तथा पर्यटन मन्त्रालयका अधिकृत सुजित झाले भू-उपयोग ऐन २०७६ बमोजिम स्थानीय तहले जमिनको बर्गीकरण नगर्दा समस्या भएको तर्क गरे । 'जग्गालाई जुन ६ प्रकारमा वर्गीकरण गर्न भनेको छ यस अनुसार अब एक क्षेत्र वन पनि हुन्छ । जुन जंगली जानवरको लागि छुट्याइन्छ । त्यस क्षेत्रमा वन्यजन्तु बसेपछि खेतीपातीमा कम क्षति गर्छ।' उनले भने ।

जंगली जनावर र सर्पका विज्ञ मिथिला वाइल्डलाइफका अध्यक्ष देवनारायण मण्डलले यो समस्या समाधान गर्न सरकार उदासिन रहेको बताए । 'कुर्सीमा बसेका बाहेक सबैलाई जंगली जनावरको आतंकले पिरोलेका छन् । किनभने कुर्सीमा बसेकाहरु पैसाले किनेर ल्याउँछन् । किसानले उब्जाउनुपर्छ । किसान परेसान छन्' मण्डल भन्छन् 'यदि हिमाल पहाडमा यो समस्या भएको भए सरकार यसरी हेरेर बस्ने थिएन होला ।'

निलगाईको तीव्र प्रजनन क्षमताको हुने भएकाले आगामी दिनमा तराइ मधेशका खेती नष्ट गर्न आउने निलगाईको संख्या अझै बढ्न सक्ने मण्डल बताउँछन् । 'निलगाई. जन्माएको बच्चा दुई वर्षभित्र बच्चा जन्माउन सक्ने क्षमताको हुन्छ । पोथी निलगाईमा बच्चा जन्माएको ७२ घण्टापछि पुन: गर्भधारण गर्न सक्ने क्षमता हुन्छ ।

पोथी निलगाईले बच्चा जन्माइरहन्छ । यसैले तीव्रगतिमा उसको संख्या बढिरहेको छ' मण्डलले थपे 'समयमै सरकार निलगाईको समस्याप्रति गम्भीर नभए पाँचवर्षपछि कृषि क्षेत्रमा भयावह समस्या उत्पन्न हुन्छ । किसानलाई एक केजी पनि तरकारी फलाउन गाह्रो हुन्छ ।'

अरु देशमा बँदेल मार्ने काम सरकारी स्तरबाटै हुने तर नेपालमा बँदेल मार्न नपाइने कानुन रहेको मण्डलले बताए । त्यसैले बँदेल नियन्त्रणको लागि स्थानीय सर कार र प्रदेश सरकार अग्रसर हुनु पर्ने उनको भनाइ छ ।

'बदेलले एक पटकमा २२ देखि २७ वटा बच्चा जन्माउँछ । र बदेलको बच्चालाई खाने कुनैपनि जानवरलाई उसले आक्रमण गर्छ । त्यसैले बदेलले यति क्षति गर्छ कि मान्छेमाथि आक्रमण पनि गर्छ' उनले थपे ।

जसपाका मधेश प्रदेश सांसद रामअशिष यादवले अब जंगली जानवर आतंक नियन्त्रण गर्न प्रदेशसभाबाट कानुन बनाउन आफूले भूमिका खेल्ने बताए । 'राज्यको विभेदकारी नीतिले यस विषयमा संघीय संसद खासै गम्भीर देखिँदैन । किनभने यो समस्या तराई मधेशको हो', उनले भने 'अब प्रदेश सभाबाट कानुन बनाएर नियन्त्रणको प्रयास थाल्न मेरो भूमिका रहन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# मलिका महत स्टारर फिल्म 'सतीदेवी' फागुनदेखि छायांकनमा जाने

काठमाडौं/अभिनेत्री मलिका महतलाई प्रमुख भूमिकामा लिएर बनाउन लागिएको फिल्म 'सतीदेवी'को छायांकन आगामी फागुन तेस्रो सातादेखि हुने भएको छ । लक्ष्मण सुवेदीको निर्देशन, निर्माण र लेखन रहेको फिल्म नारीप्रधान कथावस्तुमा निर्माण हुन लागेको हो ।



ग्रामीण युवतीको संघर्षको कथा प्रस्तुत गर्ने यो फिल्मलाई काठमाडौं र उपत्यकाबाहिर छायांकन गर्ने तयारी छ । सरस्वती पूजाको दिन पारेर बिहीबार फिल्मको औपचारिक घोषणा गरिएको हो । चलचित्र विकास बोर्डबाट निर्माताले सतीदेवी फिल्मको लागि निर्माण इजाजत पनि लिएका छन् ।

फिल्ममा मलिकासहित भोलाराज सापकोटा, कुलदीप अधिकारी र मनिषा सापकोटाको समेत अभिनय हुनेछ । शीर्षक सतीदेवी भए पनि हिन्दू धर्मकी एक देवी सतीदेवीबारे फिल्म आधारित नभएर शीर्षक मात्र भएको निर्देशक सुवेदीले बताए । फिल्मका अन्य कलाकार पनि तय हुन बाँकी रहेको र केही दिनमा वर्कसप सुरु हुने जनाइएको छ ।

गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नियाको सहकार्यमा दिलासा क्रिएसनले फिल्म निर्माण गर्न लागेको हो । 'यात्रा' डेब्यु गर्ल मलिकाको पछिल्लो फिल्म 'पानीफोटो' थियो जहाँ उनले गाउँले युवतीको भूमिका निर्वाह गरेकी थिइन् । त्यतिबेला उनले आफूलाई ग्रामीण कथावस्तुका फिल्ममा अभिनय गर्न रुचि लागेको बताएकी थिइन् ।

# आसिफ शेखले जिते आईसीसी स्पिरिट अफ क्रिकेट अवार्ड

काठमाडौं/नेपाली राष्ट्रिय क्रिकेट टोलीका युवा ओपनर तथा विकेटकिपर ब्याटर आसिफ शेखले अन्तर्राष्ट्रिय क्रिकेट परिषद् आईसीसीले प्रदान गर्ने प्रतिष्ठित अवार्ड जितेका छन् ।



उनले आईसीसी अवार्ड २०२२ को एक विधा स्पिरिट अफ क्रिकेट (उच्च खेल भावना) को अवार्ड हात पारेका छन् । आईसीसीले २०२२ मा प्रदान गरेका अवार्डहरुमध्येको खेल भावना भएको खेलाडी स्पिरिट अफ क्रिकेट अवार्ड एक प्रतिष्ठित अवार्ड हो ।

आसिफ स्पिरिट अप क्रिकेटको अवार्ड जित्ने पहिलो नेपाली खेलाडी हुन् । गत वर्ष फागनुमा ओमानमा भएको चार देश सम्मिलित टी-२० अन्तर्राष्ट्रिय सिरिजका क्रममा आयरल्यान्डविरुद्धको खेलमा देखाएको खेल भावनाले उनी मनोनियनमा परेका हुन् ।

आयरल्यान्डका एन्डी म्याकबर्नी रन लिनेक्रममा नेपाली बलर कमल सिंह ऐरीसँग अल्झिएर लड्न पुगेपछि आसिफले रन आउट गरेका थिएनन् । खेलको १८ ओभरमा ११३-८ को अवस्थामा तीव्र गतिका बलर कमलसिंह ऐरीको १९ औं ओभरको तेस्रो बलमा मार्क आदिरले एक रन लिनेक्रममा नन स्ट्राइकबाट दौडिएका एन्डी म्याकबर्नी कमलसँग अल्झिएर लड्न पुगेका थिए ।

कमल मिडविकेटमा गएको बल लिने क्रममा उनीसँग ठोक्किन पुगेका थिए । उनी पुन: उठेर क्रिजतर्फ दौडे । क्रिजको मध्य भागमा लडेका उनलाई रन आउटको लागि कमलले मिडविकेटबाट आसिफलाई बल दिएका थिए । आसिफले चाहेको भए सहजै रन आउट गर्न सक्थे । म्याकबर्नी क्रिजको रेखा भन्दा धेरै टाढा थिए । तर आसिफले रन आउट गरेनन् ।

आसिफको उक्त खेल भावना नेपालमात्र नभएर अन्तर्राष्ट्रिय विश्व चर्चित मिडिया र समर्थकले खुलेर प्रशंसा गरेका थिए ।

आईसीसी आफैंले पनि उनको उक्त भावनाको खुलेर प्रशंसा गरेको थियो । विश्वभर सर्वाधिक चर्चा पाएको २०२२ को उक्त क्षणका कारण आसिफले आईसीसी स्प्रिट अफ द क्रिकेट इयर अवार्ड जितेका हुन् ।

# मिडिया स्टन्टबाजी...

चौथो, वर्तमान समाज व्यवस्थामा सिद्धान्त, दृष्टिकोण, कार्यदिशा र कार्ययोजनाद्धारा निर्देशित छैन । यस्तो समाज व्यवस्था अन्तर गत नागरिकमा पनि कुन सिद्धान्त सही, कुन गलत अनि कुन दृष्टिकोणले हाम्रो दीर्घकालीन हित गर्दछ भनेर वहस छलफल गर्ने संस्कृति हुँदैन ।

उनीहरु पनि यस्तै ढोँगी प्रचार, ढोँगी श्रम, ढोँगी त्याग तपस्या अनि नयाँ र अनौठो ढोँगहरुको शैलीमा रमाउन थाल्दछन् । उनीहरुलाई ढोँग र वास्तविकता पहिचानमा रुचि नै हुँदैन । निरपेक्ष रुपमा विश्वास गर्छन् । उनीहरुले पछि मात्र ढोँग रहेछ भनेर थाहा पाउँछन्, जुन अबेर भइसकेको हुन्छ । यसरी मतदाताहरु पनि सही सिद्धान्त र दृष्टिकोणलाई नजरअन्दाज गर्दै केवल सस्तो लोकप्रियताको प्रचार वाजीहरुमा रुम्मलिनु पनि सिंगो राजनीति ढोँगी बन्दै जानुको प्रमुख कारण हो । तयसैले, सस्तो लोकप्रियता अन्तरगत जनताका मन छुने कामहरु गरेर पनि अन्त्यमा असफल हुनुको मुलभूत कारण ढोँग गर्दाको लागत मुल्य भन्दा धेरै बढी अतिरिक्त नाफा कमाउने स्वार्थगत उद्देश्य राख्नु नै हो । निजी वा निहीत आत्मकेन्द्रीत स्वार्थद्वारा निर्देशित हुनु नै हो ।

यसकारण पाकिस्तानका प्रधानमन्त्री इमरान खान अविश्वासको मत झेल्न नसकेर सत्ताबाट बाहिरिनु पऱ्यो । डा बाबुराम भट्टराईले खिलराज रेग्मीलाई सत्ता सुम्पनु पऱ्यो । लालबाबु पण्डितले एक वर्षमै मन्त्रालय छोड्नु पऱ्यो । अव हर्क साम्पाङलगायत अरुहरुको क्रियाकलाप भने हेर्न बाँकी छ । यद्यपि लक्षण ठिक देखिन्न ।

हिजोआज भइरहेको तमामखाले सस्तो लोकप्रियताको ढोँगहरुको अन्तर्यमा उही व्यक्तिगत स्वार्थगत उद्देश्य र नियत अन्तर निहीत हुनाले अरु पनि उही प्रक्रियाबाट गुज्रिने निश्चित छ ।

उन्नत समाज निर्माणको राजनैतिक प्रक्रियामा सुखैसुख मात्र हुँदैन । कहीँ कतै दु:ख, कष्ट र संघर्ष पनि हुन्छ भन्ने स्कुलीङ छैन । तब त हामी सबै बोइलर जस्तो बन्दैछौं । तर ढोँग र सक्कली चिन्ने न्युनतम् सचेतना विनाको अभिमतहरुद्वारा निर्धारण गरिने गणितीय राजनीतिले कता पुऱ्याउने हो यसै भन्न सकिन्न ।

यस्तो रवैयाले समानता र न्याय सहितको उन्नत समाज व्यवस्थाको कल्पना गर्न सकिन्न, जुन हामी सवैको चीरप्रतिक्षीत सपना हो । तसर्थ, ढोँगी अभिनयमा बहकिनु भन्दा समाजको सचेत विश्लेषण गर्दै अघि बढ्नुको अर्को विकल्प छैन ।

*(साभार: रातोपाटी)*

# हिउँदे वर्षा नहुँदा महोत्तरीका किसान चिन्तित

महोत्तरी/माघ दोस्रो साता लागेसँगै पारिलो घाम लाग्न थालेपछि त्यसअघिको बाक्लो हुस्सु र चिसो स्याँठको मुटु कमाउने जाडोबाट राहत मिलेको छ । महोत्तरीसहितका मध्यपूर्वी तराईमा गत आइतबारयता बिहानै घाम लागेर आङ तात्दै गए पनि सर्वसाधारण किसान भने मन खुलाएर खुसी छैनन् ।

यसपाली पानी नै नपरी हिउँद सकिन लागेपछि किसानमा खुसी छाउन नसकेको हो । हिउँदे वर्षा नहुँदा खेतबारीका बालीका बिरुवा झर्कँदै गएको हेरेर चित्त बुझाउनुपरेको किसानको भनाइ छ ।

'ल हेर्नोस्, अब पारिलो घाम लागेर जिउ त तात्न थाल्यो, बाक्लो हुस्सु फाटेर झलमल्ल उज्यालो देखिँदा खुसी नै हुनुपर्ने हो', बलवा नगरपालिका-१० धमौराका ७० वर्षीय वासुदेव पासवानले भने, 'यसपाली पानी नपरी हिउँद बित्यो, आउने दिन खुसीका हुने छैनन् ।' हिउँदे वर्षा नहुँदा बालीनाली हुर्कन नसकेको र अब चाँडै पानीका मुहान सुक्दै जाने पासवानले चिन्ता व्यक्त गरे ।

हिउँदे वर्षा जमिन भिजाउने मात्र नभई बालीनालीका लागि अत्यन्त पोषिलो हुने यहाँका पाका किसान बताउँछन् । भर्खरै हुर्कँदै गरेका वैशाखी लहरे तरकारी, उखु, अन्नबालीमा गहुँ र आँपसहितका फलका रुख हिउँदे वर्षा पाएपछि लहलहाउने पाका किसानको अनुभव छ ।

यसपाली वर्षा नै नभई हिउँद बित्दै गएपछि यी बालीबाट अपेक्षित उत्पादन लिन नसकिने चिन्ता बढेको भङ्गाहा नगरपालिका-४ पलारका ७५ वर्षीय किसान चौठी बाँतर बताउँछन् ।

हिउँदमा पानी नपरेपछि खानेपानीका स्रोत इनार, चापाकल पनि गर्मी चढेसँगै चाँडै सुक्ने गरेका छन् । भङ्गाहा-४ कै रामनगरका ८० वर्षीय किसान रामनन्दन महतो यसपाली हिउँदमा पानी नपरी माघ दोस्रो साता लागेसँगै घाम चर्कँदै गएको हुँदालगत्तै खानेपानीको हाहाकार पर्नसक्ने बताउँछन् ।

'माघ मध्यअघि नै खोल्साखोल्सी सुक्दैछन्, विगतका सदाबहार भुल्के पानीका मुहानमा अहिल्यै पानी देखिन छाडेको छ', बर्दिबास नगरपालिका-५ गणन्ताका ८० वर्षीय धनबहादुर स्याङ्वा भन्छन्, 'अब यी पाखा बारीमा हरियो देखिने छाँट छैन।'

फलफूल खेती (आँप, लिची, सपाटो र रुखकटहरसहितका फल) सघन हुने बर्दिबास नगर पालिकाका बिजलपुरा, पशुपतिनगर, खयरमारा, चेरु, टुटेश्वर, पाटु, वर डाँडा र माइस्थानका किसान यसपाली हिउँदे वर्षा नभएपछि फलका रुखमा मज्जर (मञ्जरी) कम लाग्ने, मज्जर धेरै झर्ने र मधुवारोगको प्रकोप बढ्ने चिन्तामा किसान छन् ।

यसैगरी जिल्लाकै फलफूल खेतीको पकेटक्षेत्र मानिने गौशाला नगरक्षेत्रका भरतपुर, लक्ष्मीनियाँ र बेलगाछीका किसान पनि हिउँदे वर्षा नहुँदा अपेक्षित उत्पादन लिन नसकिने चिन्ता व्यक्त गर्छन् ।

हिउँदे वर्षा बालीनालीका लागि माटो भिजाउने मात्र नभई रोग लाग्न नदिने र बाली हलक्क बढाउने अमृतसरह भएको किसानको अनुभव छ । 'हिउँदे वर्षा सिँचाइका लागिमात्र होइन, बालीको पोषण र रोग प्रतिरोधका लागि पनि रामवाण हुन्छ', बर्दिबास-९ पशुपतिनगरका ८० वर्षीय किसान नथुनी महतो भन्छन्, 'हिउँदे वर्षा नहुँदा प्रकृतिका सन्तुलन खलबलिन्छन्, जताततै यसको असर बढ्नेछ।'

हिउँदे वर्षाको मानव र यावत् जीवजन्तुको स्वास्थ्य र अन्य आहारव्यहारमा पनि सकारात्मक प्रभाव हुने विगतमा पशुपतिनगर गाविस छँदा अध्यक्षसमेत रहेका महतोको थप भनाइ छ । 'यसपाली हिउँदे वर्षा भएन, खै के उल्का उत्पात व्यहोर्नु पर्ने हो', महतोले चिन्ता व्यक्त गर्दै भने ।

जिल्लाको कूल ७० हजार हेक्टर खेतीयोग्य जग्गामध्ये अधिकांशमा आकाशे पानीको भरमा खेती गरिन्छ । यहाँ १० प्रतिशतमात्र खेतीयोग्य जग्गामा स्थायी सिँचाइ पुगेको छ । हिउँदे वर्षा नहुँदा पानीका मुहान चाँडै सुक्ने र विभिन्न रोगव्याधका प्रकोप पनि बढ्ने गर्छन् ।

*(अनलाइखबरबाट)*

# विद्युतीय सवारी साधन आयात ५० प्रतिशत बढ्यो

काठमाडौं/गत वर्षको तुलनामा चालु आर्थिक वर्षको पहिलो ६ महिनामा ५०.८८ प्रतिशतले विद्युतीय सवारी साधान आयात बढेको भन्सार विभागले जनाएको छ । गत वर्ष पहिलो ६ महिनाको अवधिमा ३ अर्ब ५१ करोड ६० लाख २५ हजार रुपैयाँ बराबरको ४ हजार ५४ वटा आयात भएको थियो । चालु आर्थिक वर्ष ५ अर्ब ३० करोड ५० लाख ९ हजार रुपैयाँ बराबरको ५ हजार ५९७ वटा आयात भएको विभागको तथ्यांक छ ।

चालु आर्थिक वर्षको पहिलो ६ महिनामा ३७ करोड ५८ लाख ६४ हजार रुपैयाँ बराबरको ३ हजार ८४८ वटा तीन पाग्रें विद्युतिय सवारी साधन आयात भएको छ । सय किलोवाटसम्मको ४ अर्ब ७३ करोड ७८ लाख ७३ हजार रुपैयाँ बराबरको १ हजार ७०८ वटा कार, जिप, भ्यान आयात गरिएको हो ।

सय किलोवाटदेखि २ सय किलोवाटसम्मको १५ करोड ६१ लाख २२ हजार रुपैयाँ बराबरको ३५ वटा कार, जिप भ्यान आयात भएको छ । दुई सय किलोवाट देखि तीनसय किलोवाटसम्मको ३ करोड ५१ लख ५० हजार रुपैयाँ बराबरको ६ वटा ल्याइएको हो ।

गत वर्ष सोही अवधिमा विद्युतीय तीनपाग्रें सवारी साधन २७ करोड २७ लाख ५ हजार रुपैयाँ बराबरको २ हजार ९५१ वटा आयात भएको थियो । १ अर्ब ४ करोड ३१ लख ५५ हजार बराबरको ३९६ वटा सय किलोवाटसम्मको कार, जिप र भ्यान आयात गरिएको छ ।

*(ई-कान्तिपुरबाट)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई, हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com

# पूर्वविद्यार्थीले १० लाख खर्चिएर बनाइदिए मन्दिर

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ हेटौंडा उपमहानगरपालिका-९, स्थित प्रगति माध्यमिक विद्यालयमा विद्याकी देवीको रुपमा पुजिने सरस्वतीको मन्दिर निर्माण गरिएको छ ।

प्रगतिकै पूर्वविद्यार्थी विनोद भोम्जनले विद्यालयमा सरस्वतीको मन्दिर निर्माण गरेका हुन् । प्रगति माविबाट २०५० सालमा एसएलसी परीक्षा उत्तीर्ण गरेका भोम्जनले १० लाख रुपैयाँ लागतमा विद्यालय परिसरमा सरस्वतीको मन्दिर निर्माण गरेका छन् । नवनिर्मित मन्दिरको बिहीवार हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिनाकुमारी लामाले उद्घाटन गरेकी छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडाका उपमेयर राजेश बानियाँ, ९ नम्बर वडाका वडाध्यक्ष सुकराम केसीलगायतको उपस्थिति थियो ।



विद्यालयमा यसअघिको सरस्वती मन्दिर जीर्ण भएका कारण भोम्जनले नयाँ सरस्वती मन्दिर निर्माण गरेको बताए । मन्दिमा करिब ६ लाख बराबरको सरस्वतीको मूर्ति स्थापना गरिएको उनको भनाई छ । मन्दिरसँगै विद्यालय प्राङ्गणमा मञ्च पनि निर्माण गरिनुका साथै मञ्च निर्माणमा अर्का पूर्वविद्यार्थी जीवन न्यौपानेले ५० हजारको आर्थिक सहयोग गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप पराजुलीले बताए । मन्दिरलगायतका विकास निर्माणमा सहयोग हुँदा पूर्व विद्यार्थीहरुको चासोले विद्यालयको मुहार फेरिन थालेको पराजुलीले बताए ।

मन्दिर उद्घाटन गर्दै मेयर लामाले विद्यालयप्रति चिन्तन गर्ने व्यक्तिहरुकै कारण विद्यालयको विकास हुने बताएकी छन् । प्रगति मावि हेटौंडाकै उत्कृष्ट विद्यालय बन्नुपर्नेमा जोड दिँदै विद्यालयको भौतिक तथा शैक्षिक सुधारका लागि नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाइन् । मेयर लामाले नगरका सामुदायिक विद्यालयहरुले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका विद्यार्थीहरुलाई शिक्षा दिइरहेको बताइन् । गुणस्तरीय शिक्षाका लागि विद्यालयहरुलाई चुनौती थपिएको उनको भनाई छ । स्थानीय तहलाई शिक्षाको अधिकार दिइएको भनिए पनि तलब खुवाउने बाहेक खासै अधिकार नहुनाले सोचे जस्तो काम गर्न नसकेको मेयर लामाको गुनासो छ ।

प्रविधियुक्त विद्यार्थी उत्पादन गर्नु अहिलेको आवश्यकता रहेकाले विद्यालयहरुलाई प्राविधिक शिक्षामा ध्यान दिन पनि मेयर लामाले आग्रह गरेकी छन् । उपमेयर बानियाँले विद्यालयलाई आवश्यक हरेक विषयमा उपमहानगरपालिकाले सहयोग गर्ने विश्वास दिलाए । उपमेयर बानियाँले विद्यालयमा शुद्ध खानेपानीका लागि युरोगार्डसहितको खानेपानीको व्यवस्था गरिदिएको बताए । कार्यक्रमकै अबसरमा हेटौंडा उपमहानगरपालिकाको ६ लाखको आर्थिक सहयोगमा निर्मित युरोगार्डसहितको खानेपानीको धाराको पनि उद्घाटन गरिएको हो ।

कार्यक्रमको अबसरमा विद्यालयमा यसअघि विभिन्न किसिमबाट सहयोग पुऱ्याउनेलाई सम्मान प्रदान गरिएको छ । विद्यालयले ५२ हजारको अक्षयकोष स्थापना गर्ने योग्यराज सापकोटालाई सम्मान गरेको हो । उनले विद्यालयमा अध्ययनरत् गरिब तथा जेहेन्दार विद्यार्थीको पढाइलाई सहयोग पऱ्याउन अक्षयकोष स्थापना गरेका थिए । विद्यालयमा २५ वर्षभन्दा बढी समय सेवा गरेका मञ्जु खनाल र श्यामकुमार बस्नेतलाई विद्यालयले दीर्घसेवा पदकबाट सम्मान गरेको छ । सम्मान ग्रहण गर्ने सापकोटा, खनाल, बस्नेतलगायतलाई हेटौंडाका मेयर लामा, उपमेयर बानियाँ, वडाध्यक्ष केसीले सम्मानपत्र प्रदान गरेका थिए ।



मकवानपुर उद्योग वाणिज्य संघ चोकमा बजारको मुख्य सडकमै रोकिराखेका अटो । धेरै व्यस्त रहने संघ अगाडिको चोकमा यसरी अटो रोक्न ट्राफिक नियम विरूद्ध हुन आउँछ तर, प्रहरीकै अगाडि अटोहरूले यात्रु चढाउने र ओराल्ने काम गरिरहेका छन् । प्रतिबन्धित क्षेत्रमै अटो रोक्दा दुर्घटनाको जोखिम बढ्नुका साथै ट्राफिक व्यवस्थापनमा समस्या देखिएको छ । संघ चोकमै खटिएका ट्राफिक प्रहरीले समेत सडकमै रोक्ने अटोहरूलाई कुनै कारबाही गरेको पाईंदैन । अटो व्यवसायीहरूले ट्राफिक प्रहरीको आँखा छल्न अटो स्टार्टमै राख्ने गरेर गन्तव्यतर्फ जाँदै गरेको देखाउने गरेको स्थानीय प्रत्यक्षदर्शीले जानकारी दिए । *तस्बिर: साझाकुरा ।*

# मकवानपुरका शैक्षिक संस्थामा मनाइयो सरस्वती पूजा

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ मकवानपुरका सामुदायिक तथा संस्थागत विद्यालय, क्याम्पसलगायतका शैक्षिक संस्थाहरुमा सरस्वतीको पूजा गरिएको छ ।

हरेक वर्ष श्रीपञ्चमीका दिन शैक्षिक संस्थाहरुले चाडका रुपमा सरस्वती पूजा मनाउने गरेका छन् । विद्याकी देवी सरस्वतीको पूजा जिल्लाभरका शैक्षिक संस्थाहरुले गरेका हुन् । सरस्वती पूजाको दिनमा कतिपय विद्यालयहरुले रचनात्मक क्रियाकपालसँगै सहयोगी हातहरुले सरस्वतीको मन्दिरसमेत निर्माण गरि दिएका छन् । हेटौंडा-२, स्थित बालजागृति इङलिश स्कुलले बालमैत्री स्थानीय शासन अबलम्बनका लागि अगाढि बढेको हेटौंडा उपमहानगरपालिकाको बालमैत्री घोषणा अभियानमा सघाउ पुऱ्याएको छ । विद्यालयमा आउने अभिभावकहरुलाई बालमैत्री वातावरण निर्माण गर्ने प्रतिबद्धताका लागि हस्ताक्षर गर इएको बालजागृतिका प्रधानाध्यापक विदोन सुवेदीले बताए ।



मकवानपुरका सामुदायिक विद्यालयहरु आधुनिक राष्ट्रिय मावि, सिदार्थ मावि, भुटनदेवी मावि, श्रमिक माविसहित संस्थागत विद्यालयहरु बालजागृति, रेडरोज बोर्डिङ, तासिर बोर्डिङ, जिएसन निकेतन, मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा क्याम्पस, मनहरी बहुमुखी क्याम्पसहरुले सरस्वती पूजालाई भव्यताका साथ मनाएका हुन् । मकवानपुर बहुमुखी क्याम्पसको आयोजनामा भएको सरस्वती पूजामा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेल लगायतका नेताहरुको उपस्थिति थियो । पौडेल क्याम्पसका पूर्वअध्यक्ष समेत हुन् ।

श्रमिक माविमा हेटौंडा-४, का वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यतामा विद्यार्थीहरुलाई अक्षरारम्भ कार्यक्रम गरिएको थियो । जिल्लाका दश वटै स्थानीय तहका विद्यालयमा सरस्वती पूजा मनाइएको हो । मकवानपुरगढीको चण्डिका माविले भव्यताका साथ सरस्वती पूजा गरेको प्रधानाध्यापक कमल फुयालले जानकारी दिए । हरेक वर्ष माघशुक्ल पञ्चमीका दिन श्रीपञ्चमी पर्व मनाउने गरिन्छ । विद्या र सिर्जनाकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक, विद्यार्थी लगायतले आ-आफ्ना कलासाधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्र आदिलाई सरस्वतीका रुपमा पूजा गर्छन् ।

सूर्य उत्तरतिर लागि दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने भएकाले श्रीपञ्चमीको दिनलाई 'वसन्त पञ्चमी' पनि भनिन्छ । श्रीपञ्चमीका दिन विवाह, व्रतबन्ध, गुफा राख्ने र बेलविवाहजस्ता सामाजिक तथा धार्मिक कार्य गर्न साइत हेर्नुपर्दैन भन्ने मान्यता छ । यस दिन बालबालिकालाई शिक्षारम्भ गराउने र नाक-कान छेड्न पनि शुभ मानिन्छ । अधिकांश विद्यालयमा नयाँ विद्यार्थीहरुलाई सरस्वती पूजाकै दिनमा आगामी शैक्षिक सत्रका लागि भर्ना गर्ने गरिन्छ ।

## एनसीसी फुटबल एक महिनालाई धकेलियो

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/न्यू कम्बाइण्ड क्लवले पूर्वनिर्धारित समय अनुसार १४ माघबाट आयोजना गर्ने भनेको एनसिसी खुला फुटबल प्रतियोगिताको दोस्रो संस्करण एक महिनालाई धकेलिएको छ ।

क्लबले पत्रकार सम्मेलन गर्दै प्रतियोगिता करिब एक महिनापछि मात्रै अर्थात २० फागुनबाट आयोजना हुने जानकारी दिएको छ । क्लवका अध्यक्ष सचिन राईले सहिद स्मृति मकवानपुर गोल्डकपका लागि प्रतियोगिता सारिएको जानकारी दिए । सहिद स्मृति गोल्डकपको तयारीमा लाग्नुपर्ने र फुटबल संघ मकवानपुरले एनसीसी फुटबल प्रतियोगिता सार्न अनुरोध गरेकोले खेल २० फागुनबाट मात्रै खेलाइने भएको राईले जानकारी दिए । हेटौंडा-५, स्थित पिप्ले क्याम्पा रंगशालामा प्रतियोगिता आयोजना हुनेछ ।

त्यसअघि माघ अन्तिमदेखि पिप्ले क्याम्पा रंगशालामै सहिद स्मृति गोल्डकप हुँदैछ । जिल्लाका क्लबहरुको सहभागितामा रहने प्रतियोगितामा विजेताले नगद १ लाख र उपविजेताले ५० हजार रुपैयाँ पाउने क्लबका अध्यक्ष राईले जानकारी दिए ।

प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीलाई नगद १० हजार तथा विद्यागत उत्कृष्ट खेलाडीलाई जनही नगद ५ हजार रुपैयाँसहित ट्रफी र सर्वाधिक गोलकर्तालाई गोल बराबरको रकम दिइने क्लबका अध्यक्ष राईले बताए । प्रतियोगिताको खर्च अनुमान ६ लाख रहेको आयोजकले जनाएको छ ।

# शंख फुकेर पूजा गर्दै आधुनिकका हेडमाष्टरले सम्हाले जिम्मेवारी

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ सामुदायिक विद्यालयमध्ये जिल्लाकै उत्कृष्टभित्र पर्ने आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा प्रधानाध्यापक (हेडमाष्टर) र सहायक प्रधानाध्यापकहरुको पदस्थापन भएको छ ।

सरस्वती पूजाको साइत पारेर बिहीवार विद्यालयका प्रअ रामसागर गुरागाई, सहायक प्रअहरु मालती पोखरेल, दिपक अधिकारी र राजेन्द्र ठकुरीले पदभार ग्रहण गरेका हुन् । प्रअ र सहायक प्रअहरूले पदभार ग्रहण गर्दा रोचक घटना घटेकोछ । सामान्यतय: प्रधानाध्यापकमा नियुक्त भएपछि विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक र कर्मचारीहरुबीचको औपचारिक कार्यक्रमबाट जिम्मेवारी सम्हालेको देखिँदै आएको हो । तर, बिहीवार आधुनिकका हेडमाष्टरदेखि सहायक हेडमाष्टरहरुले पण्डित बोलाएर कार्यकक्षमै मंगल स्तोत्र वाचन (शुभकार्यमा गरिने धार्मिक पूजा) गरेर पदभार ग्रहण गरेका छन् ।

सार्वजनिक भिडियोमा हेडमाष्टरको कुर्सीमा गुरागाई बसेपछि पण्डितले मंगल स्तोत्र वाचन गरेका थिए । सम्भवत: जिल्लाका सामुदायिक विद्यालयमा पदभार ग्रहण गर्दा मंगल स्तोत्रको पूजा गरिएको यो नौलो घटना हो । प्रअ गुरागाईको पदभार ग्रहणको बेलामा एक व्यक्तिले घण्टी बजाउने र अर्काले शंख फुकिरहेका थिए भने पण्डितले मंगल स्तोत्र वाचन गरिरहेका देखिन्थे । सामुदायिक विद्यालयमा १५ वर्ष



जिम्मेवारी सम्हालेका एक प्रधानाध्यापकले यो घटना नौलो लागेको बताए । 'विद्यालय व्यवस्थापन समितिले निर्णय गरेर प्रअ भइयो । शिक्षा कार्यालयबाट नियुक्ती लिइयो । विद्यालयमा गएर खुरुखुरु व्यवस्थापनसँगै पढाउन थालियो । यतातिर थाहै भएन ।,' उनले भने ।

बिहीवार सरस्वती पूजाकै दिन भएकाले पदभार ग्रहण गर्ने स्वत: साइतमै पण्डित लगाएर मंगल स्तोत्र गर्नुपर्ने आवश्यकता नरहेको ती प्रधानाध्यापक बताउँछन् । 'पहिलो कुरा विद्यालयको पठन पाठनलाई कसरी गुणस्तर बनाउने भनेर एउटा प्रधानाध्यापकमा शिक्षण क्षमता हुनुपर्छ । पण्डित लगाएर साइत जुराउँदै कुर्सीमा बसेर विद्यालय राम्रो हुने हैन् । यसो गर्नै हुँदैन भन्ने हैन, विद्यालयमा त्यो आवश्यक थिएन,' ती प्रधानाध्यकपकले सुनाए । यस सम्बन्धमा जानकारी लिन खोज्दा आधुनिकका प्रअ गुरागाईंसँग सम्पर्क हुन सकेन् ।

पदभार ग्रहण तथा सरस्वती पूजा कार्यक्रममा हेटौंडा-४ का वडा अध्यक्ष नवीन सिग्देल, विद्यालय व्यवस्थापन समिति अध्यक्ष चित्तबहादुर विक (जंगबहादुर), सदस्य समिम खानलगायतको उपस्थिति थियो ।

## महोत्सवको प्रदर्शनीमा मकवानपुरगढीमा उत्पादित बाली

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ हेटौंडामा जारी राष्ट्रिय औद्योगिक व्यापार महोत्सवमा मकवानपुरगढी गाउँपालिकामा उत्पादित स्थानीय एवम रैथानेबालीहरुको प्रदर्शनी तथा बिक्री स्टल राखिएको छ ।

स्थानीयस्तरमा उत्पादित रैथाने बाली तथा बस्तुहरुको संरक्षण, प्रवर्द्धन र बजारीकरण गर्नेउदेश्य सहित कृषि ज्ञान केन्द्र चितवनको सहयोगमा विभिन्न सहकारी, कृषक समुह र कृषकहरुको समन्वयमा मकवानपुरगढी गाउँपालिका कृषि विकास शाखाले स्टल संचालनमा ल्याएको मकवानपुरगढी गाउँपालिका कृषि शाखाका प्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए । प्रदर्शनीमा विभिन्न उपजहरु, कोदो, फापर, चिनो, कागुनो, लट्टे, सिलाम, आलस, सिमी, स्थानीय मकै, मस्याङ, दुधे पिडालु, अदुवा, बेसार, उखु साथे कृषि कार्यमा प्रयोग हुने औजार तथा सामग्रीहरु जाँतो, हलो, कुटो, कोदालो, नाङ्लो, डोको, थाकलको मान्द्रो, बाँसको मान्द्रो, कुरुवालगायत प्रदर्शनीमा राखिएको चौधरीले बताए ।

उनले प्रदर्शनीमा कोदोको पिठो, फापरको पिठो, मकैको पिठो, बेसारको धुलो, खलेको कोदो, कोदोको नमकिन, मस्याङलगायतका वस्तुहरु बिक्रीमा राखिएको बताएका छन् । पहिलो दिन प्रदर्शनीमा अवलोकनकर्ताहरुको उत्साहजनक उपस्थिति रहेकोमा उपजहरुको बारेमा जानकारी लिने र खरिद गर्नेहरुको राम्रो प्रतिक्रियाहरु प्राप्त भएको उनले बताए छ । महोत्सवको दोस्रो दिन बिहीवार पनि अवलोकनकर्ताहरुले स्थानीय रैथानेबालीलाई अत्याधिक मन पराएको चौधरीले बताए ।

# एकल महिला समूह मकवानपुरको भवन शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/मानव अधिकारका लागि महिला, एकल महिला समूह मकवानपुरको भवन निर्माण हुने भएको छ ।

महिला र एकल महिलाहरुको अधिकार प्राप्तिका लागि वर्षौंदेखि सक्रिय समूहले हेटौंडा-११, स्थित थानाभऱ्याङमा भवन निर्माण सुरु गरेको हो । समूहको भवनको हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिनाकुमारी लामाले शिलान्यास गरेकी छन् । हेटौंडा उपमहानगरपालिकाकै १० लाख सहयोगमा निर्माण हुन लागेको भवन २०८० वैशाख ३० सम्म सम्पन्न गर्नुपर्ने लक्ष्य राखिएको मानव अधिकारका लागि महिला,



एकल महिला समूह मकवानपुरकी महासचिव शारदा चौलागाईले जानकारी दिइन् ।

समूह मकवानपुरकी कार्यवाहक अध्यक्ष शान्ता बिकको अध्यक्षतमा भएको कार्यक्रममा वडा नम्बर ११ की वडा अध्यक्ष जुना दाहाल, वडा नम्बर ५ की वडा सदस्य रंजिता सिलवाल, नेपाल बार एसोसिएन मकवानपुरकी अध्यक्ष अप्सरा बस्नेत, समूहको महासचिव चौलागाईं, नेपाल रेडक्रस सोसाइटी हटिया उपशाखाका सभापति कृष्णबहादुर सापकोटा, सदस्यहरु अष्टमाया श्रेष्ठ, कल्पना आचार्य लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा निर्माण उपभोक्ता समितिका अध्यक्ष अमृता थापा मगर, सदस्यहरु राधा कोइराला, गंगा न्यौपानेलगायत सहभागी थिए ।

भवन शिलान्यास गर्दै नगर प्रमुख लामाले आफ्नै कार्यकालमा एकल महिलाहरुको भवन निर्माणमा आफूले सम्पन्न गरी छाड्ने प्रतिबद्धता जनाइन् । भवन निर्माणमा उपमहानगरले आगामी वर्षमा सहयोग जारी राख्ने लामाले बताइन् । ११ नम्बरकी वडा अध्यक्ष दाहालले भवन निर्माणमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएकी छन् । भवन निर्माणका लागि समूहले सहयोगको अपेक्षासमेत गरेको छ । महासचिव चौलागाईले भवन निर्माण भएपछि समूहलाई कार्यसम्पादनमा सहज हुने र समूहको सक्रियता पनि बढ्ने विश्वास राखिन् ।

**थप सुविधाका साथ हाम्रा सेवाहरु**

बिगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्धारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्कलाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्धारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्धारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्धारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

**रेष्टुरेन्ट बिक्रीमा**

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.:**
९८४५२९०३९१, ९८५५०८५३९१

**कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

**हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
**हेटौडा सिटी हस्पिटल प्रा.लि.**
हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना